नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको रिक्त विज्ञ सञ्चालक समिति सदस्य नियुक्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना।

प्रकाशित मितिः २०८१/०४/११

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको रिक्त विज्ञ सञ्चालक समिति सदस्य पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरबार, काठमाडौंमा आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. <u>योग्यता तथा अनुभवः</u>

क) नेपालको नागरिक भएको ।

ख) मान्यता प्राप्त विश्वविद्यालयवाट सम्बन्धित विषयमा कम्तिमा स्नातक उपाधी हासिल गरी सार्वजनिक निकायको कामको प्रकृतिसँग सम्वन्धित विषयमा कम्तिमा दश वर्षको विज्ञता हासिल गरेको हुनु पर्नेछ।

ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को दफा ४ बमोजिम अयोग्य नरहेको ।

घ) दरखास्त दिने अन्तिम मितिसम्म तीस वर्ष पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको।

२. <u>निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:</u>

दरखास्तसाथ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेवसाइट www.moics.gov.np मा प्रकाशित "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८" को अनुसूची २ बमोजिमको ढाँचामा दरखास्त भरी दुई प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मन्त्रालयको वेवसाइटमा रहेको नमूना बमोजिमको स्वःघोषणा फाराम, व्यक्तिगत विवरण र अनुभव सम्बन्धमा सम्बन्धित निकायको प्रमाणित कागजातका प्रतिलिपिहरुलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

४. <u>दरखास्त दस्तुरः</u>

दरखास्त दस्तुरबापत यस मन्त्रालयको कार्यालय कोड नं. ३०७००३५०१ राजस्व खाता नं. १०००१००२०००१०००० राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैक लि. सिंहदरवार शाखामा रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५. <u>अन्य विवरणः</u>

क) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा कार्यरत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र दरखास्त साथ पेश गर्नुपर्नेछ।

ख) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

ग) यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको वेबसइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल पारवहन तथा गोदाम व्यवस्था लिमिटेडको रिक्त विज्ञ सदस्य पदका उम्मेदवारले आवेदन फारामसाथ पेश गर्नु पर्ने

## स्वःघोषणा फाराम

| सि.नं. | विषय |
|---|---|
| १. | राजनैतिक दलको सदस्य नभएको, |
| २. | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतवाट कसुरदार ठहर नभएको, |
| ३. | आफ्नो नाममा व्यक्तिगत बेरुजु नभएको, |
| ४. | बैक तथा वित्तीय संस्थाको ऋण नतिरका कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको अवस्था नरहेको, |
| ५. | टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको, |
| ६. | नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि स्वार्थको द्वन्द्व नभएको, |
| ७. | विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको, |
| ८. | कुनै पनि गैर सरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको, |
| ९. | प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको, |

यसमा लेखिएको ब्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु ।

उम्मेदवारको नाम थरः

दस्तखतः

मितिः

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं